# जुगल गाउँपालिका
# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड:– ५ | संख्या :– १८ | कार्यपालिकाबाट स्वीकृत मिति :– २०७९ फागुन ०३ |

## भाग-२(घ)

# कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि,२०७९

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक

प्रमाणिकरण मिति :२०७९/११/०३

**प्रस्तावनाः** गाउँपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवं समपुरक अनुदानका साथै गाउँपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमअनुसार कट्टा गरी हुन आउने कन्टिजेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी खर्च गर्न वाञ्छनीय भएकाले यो कार्यविधि स्वीकृत गरी लागू गरको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

क. यस कार्यविधिको नाम कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७९ रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि तुरुन्त लागू हुनेछ ।

**२ परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

(क) "गाउँपालिका" भन्नाले जुगल गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ख) "कटिन्जेन्सी खच" भन्नाले दफा ५ बमोजिम शिर्षकमा गरिने खर्चलाई सम्झनुपर्दछ

(ग) "नियमावाली भन्नाले" खार्वजनिक खरिद नियमावाली २०६४ लाई जनाउदछ ।

(घ) "प्रदेश" भन्नाले बागमती प्रदेश लाई जनाउदछ ।

**३ उद्देश्य :**कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरु निम्नअनुसार छन्:

क. योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्ने,

ख. दफा ५ मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टिजेन्सी वापतको रकम खर्च गर्ने,

ग. कन्टिजेन्सी वापतको रकमलाई एकीकृत रुपमा लगत राखी सो को योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्ने,

घ. भैपरी आउने खर्चको व्यवस्थापन गर्ने,

ङ. कन्टिजेन्सी वापतको रकमको यथार्थपरक विवरण अभिलेखीकरण गर्ने , आदि ।

**४. कन्टिजेन्सी रकमको व्यवस्था** : गाउँपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको नियमअनुसार कट्टा गरी हुन आउने रकमलाई एकीकृत गरी उक्त रकमलाई दफा ५ मा उल्लेख भए बमोजिमका क्षेत्रहरुमा मात्र खर्च गर्न सकिनेछ ।

**५. खर्च गर्न सकिने क्षेत्रहरु** : योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी कट्टा रकमलाई गाउँपालिकाले देहायका शीर्षकहरुमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ ।

क. योजना अनुगमन तथा सुपरीवेक्षण एवं योजनासंग सम्बन्धित प्रशासनिक, फिल्ड तथा अनुगमन भत्ता र वैठक भत्ता लागयत खाजा खाना खर्च,

ख. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद,

ग. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च,

घ. तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु

ङ. गाउँपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र,

च. लेखापरीक्षण सम्बन्धी खर्च,

छ. योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमूखिकरण /तालिम/गोष्ठी कार्यक्रम संचालनमा लाग्ने खर्च,

ज.योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणका क्रममा भएको यातायात खर्च,

झ. स्थानीय तह वा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासको सिको तथा अनुशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च ,

**६. कन्टिजेन्सी रकमको खर्च प्रकृति** : योजना तथा कार्यक्रमको कुल कन्टिजेन्सी रकम मध्ये प्रशासनिक (चालू) अधिकतम ५५ र पूजीगत अधिकतम ४५ प्रतिशतका दरले खर्च गर्न सकिनेछ ।

**७. कन्टिजेन्सी रकम एकीकृत तथा खर्च प्रणाली** : गाउँपालिकाको वार्षिक स्वीकृत वजेट तथा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी वापतको रकमलाई आर्थिक वर्षको शुरुमा नै एकीकृत रुपमा हिसाव गरी सो को लागत राखिनेछ ।तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिजेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन सँगै खर्च गरिने व्यवस्था मिलाइनेछ ।

**८. थपघट, हेरफेर वा संशोधन :** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकताअनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

**९. बाधा अड्काउ फुकाउने अधिकार :**

क. यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकउने अधिकार कार्यपालिकाको हुनेछ ।

ख. तर प्रचलित ऐन , कानून, नियम र यस कार्यविधिको मुलभूत कुरालाई असर गर्ने गरी बाधा अड्काउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन ।

**१०. यसै बमोजिम भएको गरेको मानिने :** यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी रकमबाट योजना कार्यान्वयनसंग सम्बन्धित भए गरेका क्रियाकलापहरु यसै कार्यविधि अनुरुप भए गरेको मनिनेछ ।

आज्ञाले

प्रमुख प्रशासकिय अधिकृत